आकाशवाणी समाचार- नेपाली
मितिः १७ सितम्बर २०२४
समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

१. राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि तीन राज्य राजस्थानए मध्य प्रदेश र झारखण्डको भ्रमणमा जानु हुनेछ।

२. प्रधानमन्त्री नरेन्द्र मोदी आगामी २१ देखि २३ सितम्बरसम्म अमेरिकाको भ्रमणमा जानु हुनेछ ।

३. जम्मू कश्मीरमा आज पहिलो चरणको विधानसभा चुनावको लागि मतदान भइरहेको छ, सात जिल्लाका २४ विधानसभा सिटका लागि मतदान हुँदैछ।

४. भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा गृहमन्त्री अमित शाहले हिजो भिवानी र फरीदाबादमा चुनावी सभालाई सम्बोधन गर्नु भयो।

५. भारतले एसियन हक्की च्याम्पियनसिप २०२४ को उपाधि जितेको छ।

**<u>राष्ट्रपति भ्रमण</u>**

राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि तीन राज्य राजस्थानए मध्य प्रदेश र झारखण्डको भ्रमणमा जानु हुनेछ। उहाँ जयपुरको मालवीय राष्ट्रिय प्राविधिक संस्थान- MNIT को दीक्षान्त समारोहमा प्रमुख अतिथिका रुपमा उपस्थित भई समारोहलाई सम्बोधन पनि गर्नु हुनेछ। राष्ट्रपतिले विद्यार्थीका लागि नयाँ अरावली छात्रावासको पनि उद्धाटन गर्नु हुनेछ। राजस्थानका राज्यपाल हरिबाबु किसन राव बागडे र मुख्यमन्त्री भजनलाल शर्मा पनि सो अवसरमा उपस्थित हुनेछन्। हाम्रो संवाददाताले बताए अनुसार डण्छण्ण्ज्ञ दीक्षान्त समारोहमा एक हजार तीन सयभन्दा बढी उपाधि प्रदान गरिने निर्देशक प्राध्यापक नारायणप्रसाद पाधीले जानकारी दिनु भएको छ । जसमध्ये ४ सय २ छात्रालाई उपाधि प्रदान गरिने छ। राष्ट्रपतिले भोलि मध्य प्रदेशको भ्रमण गर्नुका साथै उज्जैनमा सफाई मित्र सम्मेलनलाई सम्बोधन गर्नु हुनेछ ।उहा 6 लेनको इन्दौर-उज्जैन सडकको शिलान्यास गर्ने कार्यक्रममा पनि उपस्थित हुनुहुनेछ । उहा इन्दौरको देवी अहिल्या विश्वविद्यालयको १४ औँ दीक्षान्त समारोहमा सहभागी हुनु हुनेछ । राष्ट्रपति द्रौपती मुर्मुले शुक्रबार झारखण्डको राँचीमा आई.सी.ए.आर.को राष्ट्रिय कृषि उन्नत प्रशोधन संस्थानको शताब्दी समारोहलाई सम्बोधन गर्नु हुनेछ ।

****** ० ******

**प्रधानमन्त्री- अमेरिका भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी आगामी २१ देखि २३ सितम्बरसम्म अमेरिकाको भ्रमणमा जानु हुनेछ । उहाले सेप्टेम्बर २१ मा डेलावेयरए वाशिंगटनमा क्वाड नेताहरूको चौथो शिखर सम्मेलनमा भाग लिनु हुनेछ। यस वर्षको शिखर सम्मेलनपछि अमेरिकाको अनुरोधमा भारतले अर्को क्वाड शिखर सम्मेलन २०२५ मा गर्न सहमत भएको छ। बैठकमा चार नेताहरुले संगठनको पछिल्लो एक वर्षको प्रगतिको समीक्षा गर्ने विदेश मन्त्रालयले जनाएको छ। उनीहरूले इन्डो-प्यासिफिक क्षेत्रका देशहरूलाई उनीहरूको विकास लक्ष्य र आकांक्षाहरू प्राप्त गर्न मद्दत गर्न अर्को वर्षको लागि एजेन्डा पनि तय गर्ने छन्।श्री मोदीले यस महिनाको २३ तारिख न्यूयोर्कमा संयुक्त राष्ट्र संघको महासभामा "भविष्यको शिखर सम्मेलन" लाई सम्बोधन गर्नु हुनेछ। यस सम्मेलनको विषयवस्तु – 'राम्रो भविष्यका लागि बहुपक्षीय समाधान' रहेको छ। सम्मेलनमा ठूलो संख्यामा विश्वका नेताहरु सहभागी हुने सम्भावना छ। यस अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले विश्वका विभिन्न नेताहरूसँग द्विपक्षीय बैठकमा पारस्परिक हितका विषयमा छलफल गर्नु हुनेछ ।प्रधानमन्त्रीले न्यूयोर्कमा भारतीय समुदायका मानिसहरूलाई पनि सम्बोधन गर्नु हुनेछ। उहाले ठूला अमेरिकी कम्पनीका सीईओसँग

पनि अन्तरक्रिया गर्नु हुनेछ । यसमा दुई देशबीच आर्टिफिसियल इन्टेलिजेन्सए क्वान्टम कम्प्युटिङए सेमिकण्डक्टर र बायोटेक्नोलोजी जस्ता महत्वपूर्ण क्षेत्रमा सहयोग बढाउने विषयमा छलफल हुनेछ।

****** ० ******

**उप राष्ट्रपति – प्रहलाद जोशी**

उप राष्ट्रपति जगदीप धनखरले आज गान्धीनगरमा चौथो नवीकरणीय ऊर्जा लगानी सम्मेलनको समापन सत्रको अध्यक्षता गर्नु हुनेछ। केन्द्रीय मन्त्री प्रल्हाद जोशीले भन्नु भन्नु भयोए राज्य सरकारहरू र निजी उत्पादकहरू सहित विभिन्न हितधाराकहरूले आगामी छ वर्षमा नवीकरणीय ऊर्जा परियोजनाहरूमा ३२ लाख ४५ हजार करोड रुपिया लगानी गर्ने प्रतिबद्धता जनाएका छन्।

ठल्ञ्ञ

गान्धीनगरमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्नु हुदै श्री जोशीले भारतले ऊर्जा क्षेत्रमा नयाँ परिवर्तनको नेतृत्व गरिरहेको बताउनु भयो । उहाले नवीकरणीय ऊर्जाप्रति जनतालाई सचेत गराउने बेला आएको बताउनु भयो ।

****** ० ******

**जम्मु कश्मिर – चुनाव**

जम्मू कश्मीरमा आज पहिलो चरणको विधानसभा चुनावको लागि मतदान भइरहेको छ। सात जिल्लाका २४ विधानसभा सिटका लागि मतदान हुँदैछ। यस चरणमा २३ लाख मतदाताले २ सय १९ उम्मेदवारको राजनीतिक भाग्यको फैसला गर्नेछन्। जसमा ९० जना स्वतन्त्र छन्। मतदानका लागि व्यापक सुरक्षा व्यवस्था मिलाइएको छ। दोस्रो चरणमा यही महिनाको २५ तारिख र तेस्रो चरणका लागि 1 अक्टोबरको दिन मतदान हुनेछ। मतगणना 8 अक्टोबरमा हुनेछ।

****** ० ******

**एनडीए- १०० दिन**

एनडीए सरकारको तेस्रो कार्यकालको १०० दिन पूरा भएको अवसरमा हिज आयोजित पत्रकार सम्मेलनमा कैयौं केन्द्रीय मन्त्रीहरूले सरकारका उपलब्धिहरूको विवरण दिएका छन्। गृहमन्त्री अमित शाहले भन्नु भएको छ, पहिलो १०० दिनमा १५ लाख करोडको परियोजनाहरू स्वीकृत भएको छ। रक्षामन्त्री राजनाथ सिंहले देशलाई रक्षा क्षेत्रमा आत्मनिर्भर बनाउन सरकार प्रतिबद्ध रहेको बताउनु भयो । उहाले भन्नु भयोए गत तीन महिनामा मन्त्रालयले १०५ लाख करोड रुपैयाँको रक्षा खरीद स्वीकृत गरेको छ। पेट्रोलियम एव प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरीले भन्नु भयोए शहरी खर्च २०१४ देखि एघार गुणा बढेको छ अनि एक लाख ५७ हजार करोड भन्दा बढी पुगेको छ। सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले रोजगारी सृजनालाई सहज बनाउन रोजगार सम्बन्धी पहल योजना सुरु गरिएको बताउनु भयो भएको छ ।

ठल्ञ्ञ

****** ० ******

**अप्रैल.अगस्त निर्यात आंकड़ा**

यस वर्षको अप्रिलदेखि अगस्टसम्मको अवधिमा भारतको कुल निर्यात 5.35 प्रतिशतले बढेर लगभग 3 सय 29 अर्ब डलर पुगेको छ। वाणिज्य तथा उद्योग मन्त्रालयले सार्वजनिक गरेको तथ्यांक अनुसार चालु आर्थिक वर्षको पहिलो पाँच महिनामा सेवा निकासी 10 प्रतिशतभन्दा बढीले वृद्धि भएर एक सय 50 अर्ब डलरभन्दा बढी पुगेको छ। यस अवधिमा वस्तुको निर्यात एक प्रतिशत भन्दा बढीले बढेर 3 सय 78 अर्ब डलरभन्दा बढी पुगेको छ। गत वर्षको सोही अवधिको लगभग 2 सय 75 अर्ब डलरको तुलनामा अप्रिलदेखि अगस्टसम्म कुल वस्तु आयात 2 सय 95 अर्ब डलरभन्दा बढी भएको छ। चालु आर्थिक वर्षको पहिलो पाँच महिनामा कुल आयात 7 दशमलव 20 प्रतिशतले बढेर 3 सय 75 अर्ब डलर पुगेको छ।

****** ० ******

**अमित शाह – हरियाणा**

हरियाणा विधानसभा चुनावका लागि हाल विभिन्न राजनीतिक दलहरूको प्रचार प्रसार तीव्र बनेको छ ष्भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा गृहमन्त्री अमित शाहले हिजो भिवानी र फरीदाबादमा चुनावी सभालाई सम्बोधन गर्नु भयो। भिवानीको जनसभामालाई सम्बोधन गर्ने क्रममा उहाले कांग्रेस पार्टी अनुसूचित जातिए जनजाति र पिछडिएको वर्गका लागि आरक्षणको विरुद्धमा रहेको आरोप लगाउनु भयो। यसरी नै फरीदाबादको ऱ्यालीमा भारतीय जनता पार्टीले समाजको हितमा काम गर्छ भने

कांग्रेस परिवारको हितमा मात्रै लागेको बताउनु भयो । श्री शाहले कांग्रेस सत्तामा हुँदा भ्रष्टाचार र अराजकता बढेको र भारतीय जनता पार्टीले त्यसलाई नियन्त्रण गरेको बताउनु भयो ।

ठल्ऊ

भारतीय जनता पार्टीले तिगाउँ विधानसभा सीटबाट वर्तमान विधायक राजेश नगरलाई उम्मेदवारको रूपमा खडा गरेको छ। हरियाणा सरकारमा दुई पटक मन्त्री भइसकेका विधायक मूल चन्द शर्मा बल्लभगढ सिटबाट चुनाव लडिरहेका छन् ८

****** ० ******

**आतिशी- भाजपा**

आम आदमी पार्टीका वरिष्ठ नेता आतिशीले हिज साँझ दिल्लीका उप राज्यपाल विनय कुमार सक्सेनालाई भेटेर मुख्यमन्त्री पदका लागि दाबी गर्नु भयो। हिज दिउँसो बसेको पार्टी व्यवस्थापिका संसदको बैठकमा उहा सर्वसम्मतले नेतामा निर्वाचित भएका हुन्। यसअघि अरविन्द केजरीवालले मुख्यमन्त्री पदबाट राजीनामा दिनु भएको थियो। उहाले साँझ उपराज्यपाललाई राजीनामा बुझाउनु भयो ।अर्कोतर्फ भाजपाले अनुहार मात्र परिवर्तनले पार्टीको चरित्र परिवर्तन नहुने बताएको छ। पार्टीका दिल्ली प्रदेश अध्यक्ष वीरेन्द्र सचदेवाले मुख्यमन्त्रीले आफ्नो १० वर्षको शासनकालमा भएका भ्रष्टाचारको जवाफ दिनुपर्ने बताउनु भएको छ ।

****** ० ******

**जयशंकर.डाक टिकट**

विदेश मन्त्री डा. एस जयशंकरले हिजो नयाँ दिल्लीमा भारतका लागि रोमानियाका राजदूत डानिएला मारियाना सेजोनोभसँग भारत-रोमानिया संयुक्त स्मारक हुलाक टिकट जारी गर्नुभयो। सो अवसरमा केन्द्रीय मन्त्री ज्योतिरादित्य सिन्धिया पनि उपस्थित थिए। डा जयशंकरले रोमानियासँग कूटनीतिक सम्बन्धको ७५ वर्ष पूरा गरेको र यो हुलाक टिकटले दुई देशबीचको मित्रता र सहयोगको गहिरो सम्बन्धको प्रतीक भएको सामाजिक सञ्जाल मार्फत बताउनु भएको छ।

****** ० ******

**मनसुख मण्डवीय**

श्रममन्त्री मनसुख मण्डवीयले सरकारले ११ करोड मानव दिवस रोजगारीको अवसर सिर्जना गर्ने ९ पूर्वाधार आयोजना स्वीकृत गरेको बाताउनु भयो ।

ठल्ऊ

अर्कोतिर मत्स्यपालनए पशुपालन तथा दुग्ध मन्त्री राजीव रञ्जन सिंहले असंगठित क्षेत्रमा काम गर्ने मजदुरहरूलाई पनि डिजिटल प्लेटफर्मबाट फाइदा भइरहेको बताउनु भएको छ ८

****** ० ******

**श्रीलंका चुनाउ**

श्रीलंकामा राष्ट्रपति निर्वाचनको प्रचार प्रसार हिजो समाप्त भएको छ। श्रीलंकाको निर्वाचन आयोगले निष्पक्ष र स्वतन्त्र निर्वाचन प्रक्रिया सुनिश्चित गर्नका लागि नियमको कडाईका साथ पालना भइरहेको जनाएको छ। १३ हजार चार सयभन्दा बढी केन्द्रमा मतदान हुने हाम्रो संवाददाताले जानकारी दिएका छन्।

****** ० ******

**हक्की च्याम्पियनसिप**

भारतले एसियन हक्की च्याम्पियनसिप २०२४ को उपाधि जितेको छ। हिज भएको फाइनल खेलमा हालको च्याम्पियन भारतले आयोजक चीनलाई १–० ले पराजित गर्दै पाँचौं पटक उपाधि जितेको हो। भारतका लागि जुगराज सिंहले उत्कृष्ट गोल गरे। भारत यस प्रतियोगितामा सबै खेलमा अपराजित रहेको छ। यस प्रतियोगितामा चीनले रजत र पाकिस्तानले दक्षिण कोरियालाई पराजित गर्दै कास्य पदक जितेको थियो।

****** ० ******